पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, यूवा तथा खेलकुद शाखा

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र सं.०७८।७९

चलानी नं.

मितिः २०७८।१०।२४

विषय - विज्ञ (रोस्टर )सुचि सम्बन्धमा ।

यस नगरपालिका अन्तरगत सञ्चालित विद्यालयहरुमा हुने विभिन्न तह र श्रेणिका अस्थायी तथा करार शिक्षक एवम विद्यालय कर्मचारी छनोट तथा पद पुर्ति गर्ने प्रयोजनका लागि पञ्चपुरी नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ७१ बमोजिम विज्ञ सुचि अद्यावधिक गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले मिति २०७८/११/१० गते भित्र यस नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको इमेल ठेगाना educationppn2077@gmail.com मा वा सोझै कार्यालय समयमा यसै साथ संलग्न फारम भरी आफ्नो विवरण पेस गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तुलसी के.सी.

शिक्षा अधिकृत छैठौं

तपसिलः-

१.आधारभुत तह (१-५) को विज्ञको लागि वाञ्छनीय योग्यता

यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा प्राथमिक /निम्न माध्यमिक/माध्यमिक तहमा स्थायी नियुक्ति भइ कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उत्तिर्ण गरेको ।

२. आधारभुत तह(६-८)को विज्ञको लागि वाञ्छनीय योग्यता

यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा निम्न माध्यमिक/ माध्यमिक तहमा स्थायी नियुक्ति भइ कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

३. माध्यमिक तह(९-१०)को विज्ञको लागि वाञ्छनीय योगयता

यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहमा स्थायी शिक्षक/विश्वविद्यालय सेवामा उपप्राध्यापक पदमा स्थायी नयुक्ति भइ कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

४. माध्यमिक तह (११-१२) को विज्ञको लागि वाञ्छनीय योग्यता

यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहमा स्थायी शिक्षक/विश्वविद्यालय सेवामा उपप्राध्यापक पदमा स्थायी नयुक्ति भइ कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र माध्यमिक तह (११-१२) को स्वीकृत दरबन्दीमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

-द्रष्टव्य- माथिको योग्यता पुरा गरी अवकास प्राप्त व्यक्तिहरुसमेत सुचिकृत हुन सक्नसहुने छ ,साथै शिक्षक सेवा आयोगले तोकेको मौजुदा पाठ्यक्रम बमोजिम सम्बन्धित विषय र तहको ३/३ सेट प्रश्न पत्र र उत्तरकुञ्जिका समेत फारम साथ बुझाउनुपर्नेछ।

बोधार्थः श्री सुचना प्रविधि शाखा पञ्चपुरी नगरपालिका, प्रकाशित सुचनालाइ वेवसाइडमा अपलोड गरिदिनहुन ।